बैठक संख्या : ७६ (छैहत्तर)
समय : दिउँसो

आज मिति २०७९ माघ १८ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ७६ औं कार्यपालिका बैठक (२०७९।१०।१९)

**विषय सूची:**

१। गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा
२। नगरसभा सम्बन्धमा
३। स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याकंनको नतिजा अनुमोदन सम्बन्धमा
४। स्थानीय तह बित्तीय सुशासन जोखिम मुल्याकंनको नतिजा अनुमोदन सम्बन्धमा
५। उप-प्रमुख ज्यूको अध्यक्षतामा गठित समितिले तयार पारेको प्रतिवेदन सम्बन्धमा
६। सडक बत्ति व्यवस्थापन सम्बन्धी प्राधिकरणको पत्र सम्बन्धमा
७। गत विगतका ठेक्का प्रक्रियामा गएका ठेक्का रद्द सम्बन्धमा
८। यस आ.व.को कार्यक्रममा समावेश नभएका शिर्षक थप र रकम विनियोजन सम्बन्धमा
९। सडक बोर्ड नेपाल सँगको योजना सम्बन्धमा
१०। सामी परियोजना सम्बन्धमा
११। प्रदेश समपुरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा
१२। स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा १ जना महिला सदस्य मनोनयन सम्बन्धमा
१३। मेलमिलाप सहजकर्ता तालिम गर्न आवश्यक रकम छुट्याउने सम्बन्धमा
१४। विदेशी मुलुकको संस्थासँग भगिनी सम्बन्ध स्थापना सम्बन्धमा
१५। ठेलागाढा सम्बन्धमा
१६। विविध

**निर्णयहरु:**

**प्रस्ताव नं १: ७५ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं.१:** नगर कार्यपालिकाको ७५ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुंन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २ : नगरसभा सम्बन्धमा**

**निर्णय नं २ :** मिति २०७९ पौष २९ गते हुने भनिएँको नगरसभा विशेष कारणबस बस्न नसकिएको हुनाले मिति २०७९ माघ २२ गते विहान ९:०० वजे बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याकंन (LISA) को नतिजा अनुमोदन सम्बन्धमा**

**निर्णय नं ३ :** स्थानीय तह संस्थागत क्षमता स्व–मूल्यांकन (LISA) अन्तर्गत आर्थिक बर्ष २०७८/०७९ मा विदुर नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको मुल्याङ्कन गर्दा देहाय बमोजिम ५६.५ नम्बर प्राप्त भएको हुनाले उक्त प्राप्ताङ्कलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो । साथै मूल्यांकन सूचकमा कमजोर रहेको सूचकहरुको सुधारका कार्ययोजना सहित कार्य गर्न नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित सबै विषयगत शाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

तपसिल

| सि.नं | स्व–मूल्याङ्कनका विषयक्षेत्रहरु | कुल अंक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ६.५ | ७२.२२ |
| २ | संगठन तथा प्रशासन | ८ | ४.५ | ५६.२५ |
| ३ | बार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ६ | ५४.५५ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ६.२५ | ५६.८२ |
| ५ | सेवा प्रवाह | १६ | १०.२५ | ६४.०६ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ६ | ८५.७१ |
| ७ | भौतिक पुर्वाधार | १३ | ६ | ४६.१५ |
| ८ | सामाजिक समावेशीकरण | १० | ४ | ४०.०० |
| ९ | बातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६ | ६६.६७ |
| १० | सहकार्य र समन्वय | ६ | १ | १६.६७ |
| | जम्मा | १०० | ५६.५ | |

**प्रस्ताव नं ४ : स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याकंन (FRA) को नतिजा अनुमोदन सम्बन्धमा**

**निर्णय नं ४ :** स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याकंन (FRA) अन्तर्गत आर्थिक वर्ष २०७८।०७९मा विदुर नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको मुल्याङ्कन गर्दा देहाय बमोजिम ६०.५ नम्बर प्राप्त भएको हुनाले उक्त प्राप्ताङ्कलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो । साथै मूल्यांकन सुचकमा कमजोर रहेको सूचकहरुको सुधारका कार्ययोजना सहित कार्य गर्न नगर कार्यपालिकाको कार्यालय र सम्वन्धित सबै विषयगत शाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

**तपसिल:**

| सि.नं | स्व–मूल्याङ्कनका विषयक्षेत्रहरु | कुल अंक | प्राप्त अंक | प्रतिशत |
|---|---|---|---|---|
| १ | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | १५।५ | ७३।८१ |
| २ | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २९ | २०।५ | ७०।६९ |
| ३ | लेखाङ्कन तथा प्रतिवेदन | १७ | ११ | ६४।७१ |
| ४ | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | १६ | ३।५ | २१।८८ |
| ५ | राजस्व व्यवस्थापन | १७ | १० | ५८।८२ |
| | जम्मा | १०० | ६०.५ | |

**प्रस्ताव नं ५ : उप-प्रमुख ज्यूको अध्यक्षतामा गठित समितिले तयार पारेको प्रतिवेदन सम्बन्धमा**

**निर्णय नं ५:** नगर प्रमुख स्तरिय निर्णयबाट उप-प्रमुखको संयोजकत्वमा पुराना योजनालाई भुक्तानी दिन गठन गरिएको समितिको प्रतिवेदन अनुसार गत वर्षको योजनालाई भुक्तानी दिन बजेट शिर्षक थप गरी योजनालाई क्रमागत रुपमा भुक्तानी दिदै जान उक्त प्रतिवेदन सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ : सडक बत्ति व्यवस्थापन सम्बन्धी प्राधिकरणको पत्र सम्बन्धमा**

**निर्णय नं ६ :** नेपाल विद्युत प्राधिकरणको चंनं. ३८६ मिति २०७९।०९।२८ को पत्र अनुसार यस नगरपालिका अन्तर्गत वडामा वितरण गरेको बिजुली बत्तिलाई व्यवस्थित तरिकाले उपभोग गर्न सहज बनाउन प्राधिकरणले निःशुल्क मिटर उपलब्ध गराउने र अन्य आवश्यक पर्ने सामाग्रीहरु नगरपालिका आफैले खरिद गर्न पर्ने भनी लेखि आएको हुँदा वडामा वितरण गरिएको सडक बत्तिलाई क्रमिक रुपमा व्यवस्थित गर्दै जाने र नँया वितरण प्रक्रियालाई पहिला वितरण भएको सडक बत्ति व्यवस्थित नभए सम्म विस्तार नगर्ने र नगरपालिकाको स्रोत साधन अनुसार क्रमिक रुपमा व्यवस्थित गरिदै जाने र सबै सामानहरु नगरपालिकाले एकै पटक खरिद गरी व्यवस्थित गर्न नसक्ने अवस्था रहेकोले प्राधिकरण र नगरपालिकाको लागत साझेदारिमा आवश्यक सामानहरु जुटाई कार्य गर्न नेपाल विद्युत प्राधिकरण वितरण केन्द्रलाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं ७:** गत विगतका ठेक्का प्रक्रियामा गएका ठेक्का रद्द सम्बन्धमा

**निर्णय नं ७:** गत विगत वर्ष देखिनै ठेक्का लागेको तर राजश्व नउठेको कारण प्रक्रियामा गएका सम्पन्न नभएका निम्न योजनाको ठेक्का रद्द गर्न नगरसभामा पेश गरी सभाबाट पास भएपछि सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी गराउने निर्णय गरियो ।

**निम्न:**

नगर उप-प्रमुख ज्यूको नेतृत्वको प्रतिवेदनमा उल्लेखित ।

| क.सं. | योजनाको नाम | स्वीकृत भएको वोलपत्र दाताको नाम |
|---|---|---|
| १ | गंगटे पार्कवाट वडा कार्यालय सम्म जाने सडक | अमृत निर्माण सेवा वालाजू |
| २ | सुलक्षणा देखी शिव मन्दिर सम्म सडक | सिसन निर्माण सेवा |
| ३ | सन्देस मार्ग सडक स्तोरन्ती | रेग्मी निर्माण सेवा |
| ४ | इनारपाटी सिचाइ देविघाट कोलनी सडक | भैरवी कन्स्ट्रक्सन |
| ५ | त्रिशुली वस्ती विकास सडक र ढल निर्माण | सिसन निर्माण सेवा |
| ६ | सेरा जोगीटार सडक ९ | न्यु सुलक्षणा कन्स्ट्रक्सन |
| ७ | माझगाउ देखी मनकामना सम्म मोटरवाटो | सन्तोष निर्माण सेवा |
| ८ | सिखाली कृष्ण मन्दिर क्यौरिनी सडक | थापाकाजी इनोभेटीक कन्स्टक्सन |
| ९ | हस्पीटल ८ नं. वडा कार्यालय सडक | रुपिज कन्स्टक्सन |
| १० | गेर्खुखोला दारेगाउ माझगाउ सडक १० | किस्मत कस्ट्रक्सन एण्ड सर्विसेज प्राली |
| ११ | वक्सेखोला देखी खत्रीगाउ सडक ११ | किस्मत कस्ट्रक्सन एण्ड सर्विसेज प्राली |
| १२ | गेर्खु मोटरवाटो १० | न्यु सुलक्षणा कन्स्ट्रक्सन |
| १३ | धारीटोल वैसधारा सडक | न्यु सुलक्षणा कन्स्ट्रक्सन |
| १४ | माझगाउ चण्डी स्कुल सडक ३ | जया ज्योती निर्माण सेवा |
| १५ | मुल्थलाटार पुर्णेटार ढकाले माझगाउ सडक, ६ | जया ज्योती निर्माण सेवा |
| १६ | कृष्ण मन्दिर ढुङगेलचोक सिर्खालीखोल वडाकार्यालय सडक १ | डिमडुङ एण्ड सन्स कन्स्ट्रक्सन किस्पाङ ५ |
| १७ | हसियाटार सडक कालोपत्रे विदुर ५ | हर्क निर्माण सेवा ५ |
| १८ | क्याम्पस चोकदेखी संगमचोक हूदै वालुवाटार सडक तथा ढल निर्माण | न्यु कामना कन्स्ट्रक्सन |
| १९ | राइसिङ केउरीनी जाने सडक | त्रिवणी गुडविल विल्डर्स |
| २० | सेतीदेवी दुधेलामा वर भन्ज्याङ मो.वा ११ | शिव शंकर निर्माण सेवा विदुर ९ |
| २१ | फोहरमैला व्यवस्थापन तथा वधशाला संचालन सम्वन्धी कार्ययोजाना | ओम कष्ट्रक्सन |

| क्र सं | योजनाको नाम | निर्माण ब्यबसायी |
|---|---|---|
| १ | ढुंङग्रेनीटार पनेरुगाउ हात्तिगौडा सडक निर्माण विदुर ६,१२ | उत्तरगया कन्ट्रक्सन प्रा.ली. ठुलो गाउ रसुवा |
| २ | विन्द्राला मार्ग निर्माण | उतरगया कन्ट्रक्सन प्राली ठुलोगाउ रसुवा |
| ३ | आगेटारी तल्लो कुमालटोल कारागार सडक निर्माण विदुर ६ | रत्न श्रेष्ठ निर्माण, विदुर ४ |
| ४ | चुवाडी मा.वि. देखी वाडा चौतरा सडक विदुर ५ | न्यु दिपक विल्डस तारकेश्वर काठमाण्डौ |
| ५ | त्रिशुंली क्यारीडोर कन्सटक्सन विदुर १ | शिव शंकर निर्माण सो |
| ६ | कृष्ण मन्दिर देखी कुटीको चौतारा सडक अपग्रेटीङ विदुर ९ | सिसन निर्माण सेवा वानेश्वर १० |
| ७ | गोविन्द चोक हस्पीटल र पालास्टर सडक विदुर ९ | पावर नेपाल कन्ट्रक्सन ९ |
| ८ | थरमो पलाष्टीक रोड | टिआर इन्टरप्राइजेज १३ |

**प्रस्ताव नं ८ : यस आ.व.को कार्यक्रम समावेश नभएका शिर्षक थप र रकम विनियोजन सम्बन्धमा**

Scanned with CamScanner

**निर्णय नं ८ :** दोस्रो नगरसभाको प्रथम अधिवेशनबाट स्वीकृत कार्यक्रममा समावेश नभएको र यस आ.व. २०७९।०८० मा कार्यान्वयनमा लैजान पर्ने तपसिलमा उल्लेखित शिर्षकमा रकम विनियोजन गरि नगर सभामा अनुमोदको लागि पेश गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. गत आ.व.मा निर्माण भएका तर भुक्तानी दिन बाँकी योजनाको लागि निम्न अनुसारको शिर्षकबाट भुक्तानी दिन कार्यदलको सुझाव अनुसार विनियोजन गर्ने

क) गत वर्षको मौज्दातबाट रु ३,११,१२,१९८।६७

ख) वित्तीय समानिकरण अनुदानबाट रु ३,४१,७५,०००।

ग) राजश्व बाँडफाड शिर्षकबाट रु ७१,२५,०००।

घ) आन्तरिक स्रोतबाट रु ३,९७,४६,५००।

२. सडक बोर्डको कार्यक्रमलाई सहयोग गर्न सडक मर्मत शिर्षकबाट रु ३०,००,०००। विनियोजन गर्ने ।

३. क्यान्सर मृगौला पिडित औषधी उपचार शिर्षकबाट रु ३०,००,०००। विनियोजन गर्ने ।

**प्रस्ताव नं ९ :** सडक बोर्ड नेपालसँगको योजना सम्वन्धमा

**निर्णय नं ९ :** यस विदुर नगरपालिकाले चालु आ.व. २०७९।०८० मा सडक बोर्ड नेपाल सँगको सहकार्यमा तपसिलका योजनाहरु सञ्चालन गर्ने र सो कार्यको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम रु ३०,००,०००। (अक्षेरुपी तिस लाख मात्र) म्याचिङ गर्ने निर्णय गरियो ।

तपसिल:

१. व्रिन्दला मार्ग सडक मर्मत सुधार योजना, विदुर ४

२. त्रिशुली हस्पिटल चोक देखि आंपाको बोट चोक सडक मर्मत सुधार योजना, विदुर ९ ।

**प्रस्ताव नं १० :** सामी परियोजना सम्वन्धमा

**निर्णय नं १० :** यस नगरपालिकामा विगत आ.व. देखि वैदेशिक रोजगार कार्यक्रम (सामी परियोजना) संचालनमा रहेकोमा मिति २०७९ साल श्रावण १ गते देखि दरबन्दी अनुसार कर्मचारी नहुँदा कार्यक्रमले लक्षित गरेको उपलब्धी हाँसिल नहुने हुनाले विगतमा काम गरेको ज्ञान, सिप र तालिम प्राप्त देहाय बमोजिमका कर्मचारीलाई करार गरी काम लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै रिक्त रहने वित्तीय साक्षरता सहजकर्ता र लेखा तथा प्रशासन अधिकृत पदको हकमा विज्ञापन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| अस्मिता थापा | आप्रावासन श्रोत केन्द्र परामर्शकर्ता |
| विक्रम रिमाल | सूचना तथा परामर्शकर्ता |
| कमल खड्का | रिटर्नी स्वयंसेवक |
| नारायण घिमिरे | रिटर्नी स्वयंसेवक |
| सनम वोगटी | रिटर्नी स्वयंसेवक |

**प्रस्ताव नं ११ :** प्रदेश समपुरक र विशेष अनुदानका योजना छनौट सम्वन्धमा

**निर्णय नं ११** आर्थिक वर्ष २०८०।०८१ को लागि बागमती प्रदेश सरकारबाट माग गरे अनुसार प्रदेश समपुरक र विशेष अननुदानको लागि निम्न योजना माग गरि पठाउने निर्णय गरियो ।:

**समपुरक अनुदान**

१. भोटे बिसौना भट्टगाउँ सडक, विदुर १२

२. चण्डेश्वरी गहते साहुगाउँ सडक, विदुर ७

३. वडा नं १३ अजिङगरे देउडी सडक

४. वडा नं. १ वडा कार्यालय भवन निर्माण, विदुर १

५. अर्किड चोक देखि चुवाको बोट खोल्सी देखि कुवा हुँदै गंगटे निस्कने नयाँ बाटो निर्माण, वडा नं ४

Scanned with CamScanner

विशेष अनुदान

१. जालपादेवी क्षेत्र (तादि र त्रिशुली) संरक्षण, विदुर ५
२. गेर्खु, छापटार, माथिल्लो केराघारी बेत्रावती सडक-१0
३. कुमालजाती संग्राहलय-५

**प्रस्ताव नं १२:** स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा १ जना महिला सदस्य मनोनयन सम्बन्धमा
**निर्णय नं १२:** स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि अनुसार गठन हुने व्यवस्थापन समितिमा तपसिलमा उल्लेख गरिएको कार्यपालिकाको महिला सदस्यलाई छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| श्री सबु मिजार | कार्यपालिका सदस्य |

**प्रस्ताव नं १३:** मेलमिलाप सहजकर्ता तालिम गर्न आवश्यक रकम छुट्याउने सम्बन्धमा
**निर्णय नं १३:** विदुर नगरपालिका १ देखि १३ का वडामा मेलमिलाप सहजकर्ता छनौट गरी नँया सुचिकृत भईसकेको अवस्थामा वडामा भएका सामान्य विवाद मिलाउन, समस्या निरुपण गर्नलाई सुचिकृत भएको मेलमिलापकर्ता अभिमुखिकरण कार्यक्रम संचालन गर्न आवश्यक भएको हुँदा सो कार्यक्रम संचालन गर्न जम्मा रु ५,००,०००। (पाँच लाख मात्र) विनियोजन गरी तालिम सञ्चालन गर्न न्यायिक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं १४:** विदेशी मुलुकको संस्थासँग भगिनी सम्बन्ध स्थापना सम्बन्धमा
**निर्णय नं १४:** विदुर नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, पर्यटकिय स्थल लगायत यस नगरपालिकामा भएका विभिन्न उद्योग आयोजना लगायतको क्षेत्रको जानकारी गराउदै कुटनितिक नियोग मार्फत विदेशि राष्ट्रको निकाय, संस्थासँग भगिनि सम्बन्ध राखि कार्यहरु अगाडि बढाउन नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं १५:** ठेलागाढा सम्बन्धमा
**निर्णय नं १५:** विदुर नगरपालिका क्षेत्रका विभिन्न ठाउँमा ठेलागाढा राखी सार्वजनिक यातायातलाई समेत प्रभाव पार्ने र शहरको सौन्दर्यमा समेत असर पुर्‍याएकोले सडक, किनारा, सार्वजनिक स्थलमा ठेलागाढामा सामान राखी बिक्रि गर्दै हिडेको देखिएको हुँदा त्यस्ता ठाउँमा ठेलागाढा नराखी त्रिशुली बसपार्क र बट्टार बसपार्कमा राखी व्यवसाय गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं १६:** विविध
**निर्णय नं १६:**

**क) राजश्व असुलीको अभियान सम्बन्धमा**
यस नगरपालिकाले लक्ष्य गरे अनुसारको आन्तरिक राजश्व संकलनमा कमी हुने अवस्थाको कारण लक्ष्यमा पुग्नको लागि राजश्व सुधार कार्ययोजना अनुसार देहाय बमोजिमको राजश्व असुली अभियान समिति गठन गरी कार्य अगाडि बढाउन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. श्री लेलिन रन्जित | वडा १ वडा अध्यक्ष | संयोजक |
| २. श्री बद्रि प्रसाद रिमाल | वडा ३ वडा अध्यक्ष | सदस्य |
| ३. श्री कमल श्रेष्ठ | वडा ८ वडा अध्यक्ष | सदस्य |
| ४. श्री हरिराम भण्डारी | वडा ९ वडा अध्यक्ष | सदस्य |
| ५. श्री गणेश कुमार नेपाल | वडा १० वडा अध्यक्ष | सदस्य |
| ६. श्री सावित्रि राइ | कार्यपालिका सदस्य | सदस्य |
| ७. श्री राजश्व शाखा प्रमुख | विदुर न.पा. | सदस्य सचिव |

Scanned with CamScanner

ख) यस नगरपालिका अन्तर्गत नगरपालिकाको कामको सिलसिलामा कर्तव्यपालन गर्दा कर्मचारी माथि हातपात र गाली बेइजति भएमा सो विषय सरकारवादि हुने व्यवस्था भएकोले नगरपालिकाको तर्फबाट सुरक्षा निकाय मार्फत छानविन र मुद्दा दायर गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

ग) विदुर नगरपालिका अन्तर्गत वडा नं १२, भट्टगाउँमा रहेको चारघरे स्वास्थ्य चौकी सबै सेवाग्राहीलाई पायक पर्ने स्थानमा नभएको कारण सर्वसाधारणलाई असुविधा भएकोले विदुर नगरपालिका वडा नं १२ गौरिवेसीमा वडा कार्यालय सँगै शहरी स्वास्थ्य केन्द्र खोली संचालनमा ल्याउने निर्णय गरियो ।

Scanned with CamScanner